# सवारीसाधन नवीकरणमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य

काठमाडौँ (जस)-यातायात व्यवस्था विभागले आगामी माघदेखि सवारीसाधन नवीकरणमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने भएको छ । सबै किसिमका सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्दै जाने योजनाअनुसार नवीकरण गरिने सवारीसाधनमा लागू गर्न लगिएको विभागका प्रवक्ता डा लोकनाथ भुषालले बताए । विभागले गत मङ्सिरदेखि नयाँ दर्ता हुने सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरेको थियो । उनका अनुसार विभिन्न स्थानमा इम्बोस्ड नम्बर प्लेट भएनभएको हेर्न गेट बनाउने काम अघि बढाइनेछ । उनले भने, "नयाँ र पुरानो सबैमा गरी २५/२६ सवारीसाधन सबैमा अनिवार्य गरिनेछ ।" नवीकरण हुने सवारीसाधनमा इम्बोस्ड अनिवार्य जडानका लागि तयारी अघि बढाइएको प्रवक्ता डा भुषालले बताए । कम्पनीले प्लेट छापेर यातायात व्यवस्था कार्यालयमा पठाइरहेको छ । उनले भने, "अबको एक वर्षभित्रमा सबै सवारीसाधनमा जडान गरिसकिने योजना छ ।"




पहिले अदालतमा मुद्दाका कारण र पछिल्लो समय कोभिडका कारण उच्च सुरक्षासहितको सवारीसाधनमा प्रयोग हुने नम्बर प्लेट (इम्बोस्ड नम्बर प्लेट) को कार्यान्वयन सुस्त भएको हो । विभागले विसं २०७३ जेठ १७ गते टाइगर आइटी (द कर्पोरेसन) सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो । गत जेठमा अवधि सकिएकामा केही समय पहिले मात्रै अवधि थपिएको हो । प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारीसाधनको चोरी, राजस्व छली र आपाराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ । सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचनाप्रविधि पूर्वाधारसमेत निर्माण गरिने उल्लेख थियो । आधुनिक र वैज्ञानिक नम्बर प्लेट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो । सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आवद्ध गराउन र सवारीसाधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो । सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ ।

त्यस्तै नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख थियो । सडक विभागसँगको समन्वयमा 'स्टिकर' वा टचागजडित सवारीसाधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा गेट निर्माण गरिनेछ । काठमाडौँ उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ, जोरपाटी र उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर तथा अत्तरियामा गेट निर्माण हुनेछ । संविधानअनुसार देवनागरी लिपीमा लेखिने नेपाली भाषा नै सरकारी कामकाजको भाषा भएकाले नम्बर प्लेटमा नेपाली अक्षर हुनुपर्ने माग गर्दै विसं २०७४ फागुनमा रिट दर्ता गरिएको थियो । सो मुद्दामा अदालतले अन्तरिम आदेश दिएकाले नम्बर प्लेट जडान रोकिएको थियो । उक्त मुद्दामा रिट खारेज गरेपछि पुनः अघि बढाउन बाटो खुलेको थियो । अदालतले छिमेकी देशले पनि इम्बोस्ड नम्बर प्लेटमा अङ्ग्रेजी भाषा नै प्रयोग गरेको र नेपालको छिमकी देशसँग अन्तरदेशीय पारवाहन सम्झौता भएकाले अङ्गेजी भाषाको प्रयोग अनुपयुक्त नहुने जनाएको थियो । भाषाविद्हरुले सो नम्बर प्लेट नेपाली भाषामा नै हुँदा उपयुक्त हुने बताउँदै आएका छन् ।

# नेप्सेमा दोहोरो अंकको वृद्धि



काठमाडौँ (जस)-धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से १९.४३ अंकले उकालो लागेर दुई हजार ७८४.९५ मा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.१६ ले बढेर ५२२.५३ मा पुगेको छ । कूल २३६ कम्पनीको एक करोड ४२ लाख ८८ हजार १३० कित्ता शेयर रु सात अर्ब १२ करोड ३४ लाख २४ हजार ३५ मूल्यमा कारोबार भयो । सोमबारको कारोबारपछि बजार पूँजीकरण रु ३९ खर्ब ३४ अर्ब २८ करोड २४ लाख ५० हजार बराबर पुगेको छ ।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये सोमबार तीन उपसमूहको शेयर ओरालो लागेको छ भने १० उपसमूहको शेयर भने उकालो लागेको छ । बैंकिङ १५.२८, होटल तथा पर्यटन ३७.७१ र उत्पादन ४७.७८ ले ओरालो लागेको छ । व्यापार ५७.११, विकास बैंक ३७.५८, जलविद्युत् ४०.७९, वित्त ७८.०९, निर्जीवन बीमा १९०.६५, अन्य ११३.४, लघुवित्त १२.२५, जीवन बीमा २१८.२, सामूहिक लगानी कोष ०.२२ र लगानी ०.९४ अंकले उकालो लागेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु २२ करोड ७७ लाख ४० हजार ९१७ बराबरको कारोबार भएको छ । नेपाल दूरसञ्चार प्राधिकरण रु २१ करोड ८२ लाख ८४ हजार, एचआइडिसिएल रु २१ करोड तीन लाख ७४ हजार ६६४, अपि पावर कम्पनी रु १९ करोड २८ लाख १४ हजार ६९७ र नेशनल हाइड्रोपावर रु १८ करोड ९४ लाख ४६ हजार २१८ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

नेप्सेका अनुसार मध्यभोटेकोशी जलविद्युत् कम्पनी र युनियन हाइड्रोपावरको शेयरमा सकारात्मक सर्किट लागेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक ९.९८, खानीखोला हाइड्रोपावर ८.२० र हिमालयन ऊर्जा विकास कम्पनीका शेयरधनीले ८.०५ प्रतिशतले कमाए ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी गर्न आउने बारेको सुचना**

यस कार्यालयमा मिति २०६९/०६/१८ मा दर्ता भएको प्रा.लि नं. १०६४३८ को महर्जन ट्रेकिङ्ग एण्ड एक्सपिडिशन प्रा.लि. नामक कम्पनीले दर्ता खारेज गरिपाँउ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागी ३५ दिन भित्र यस कार्यलयमा दावी गर्न आउनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# गडहरे गुफाको भूभौतिकी सर्भे गरिने



वालिङ(जस)-स्याङ्जाको भीरकोट नगरपालिका ८ र ९ को सीमामा अवस्थित गडहरे गुफाको दोस्रो चरणको भूभौतिकी सर्भे गरिने भएको छ । प्रचारप्रसारको अभावमा ओझेलमा रहेको गडहरे गुफाको विकासका लागि यसअघि गरिएको भौगर्भिक अध्ययन प्रतिवेदन सार्वजनिक गरिएसँगै अब दोस्रो चरणको भूभौतिकी सर्भे गरिने भएको हो । भीरकोट नगरपालिकाको पहल र त्रिभुवन विश्वविद्यालय भूगर्भशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक डा कविराज पौडेल नेतृत्वको भूगर्भविद् तथा सहायक भूगर्भविद गरी १२ जनाको टोलीले छ दिन लगाएर गत भदौमा भौगर्भिक अध्ययन गरेको थियो ।

"गुफा धेरै लामो जस्तो देखिन्छ, हामीले ६८० मिटर भित्रसम्मको प्रत्येक १०-१० मिटरको विवरण लिएका छौं", उपप्रध्यापक पौडेलले भने,"त्यहाँभन्दाभित्र छिर्न सकिने अवस्था देखिएन तर त्यहाँभन्दा अझैभित्रसम्म पनि गुफा फैलिएको हुनसक्छ ।"गुफाभित्र ६८० मिटरभन्दाभित्र छिर्न नसिएकाले त्यहाँभन्दा अझैभित्रको अवस्थाकाबारेमा अध्ययन गर्नका लागि छुट्टै विधि 'भूभौतिकी सर्भे' गर्नुपर्ने देखिएको छ ।"भूभौतिकी सर्भेले गुफाभित्रको तीनवटा विषयको अध्ययन गर्न सकिन्छ", उपप्राध्यापक पौडेलले भने, "जमिनबाट करेन्ट पठाएर गरिने यो सर्भेले त्यहाँभन्दा अगाडि गुफा भए नभएको, गुफा र जमिनकोबीचमा अर्को गुफा भए नभएको र भूइँभन्दा तल अर्को गुफा भए नभएको पत्ता लाग्ने छ ।"

दोस्रो चरणको सर्भेका लागि नगरपालिकालाई जानकारी गराईएको र नगरपालिका सकारात्मक रहेको उपप्राध्यापक पौडेलले बताए । पहिलो चरणको भौगर्भिक अध्ययनपश्चात गुफाको बाहिरी तथा भित्री भूवनोट, गुफाभित्रका विभिन्न आकृति, ढङ्गा खस्न सक्ने जोखिम भएनभएको, गुफाको बाहिरी भित्री संरचनाकाबारेमा प्रतिवेदन तयार पारेर सार्वजनिक गरिएको थियो । गुफाभित्र विभिन्न किसिमका आकृति मनमोहक र कलात्मक देखिएका छन् । "कुनै ठाउँमा फराकिलो कुनै ठाउँमा साँघुरो बाटोहुँदै झण्डै एक किलोमिटरभित्र पुगिसकेपछि एउटा नयाँ किसिमको झरना देखिन्छ", उपप्राध्यापक पौडेलले भने,"उक्त झरना त्यही गुफाभित्रै हराएको छ, यो पनि एउटा आकर्षणको रुपमा रहेको छ ।" अध्ययन टोलीले गुफाको भित्री, बाहिरी बनोट, भित्र देखिने विभिन्न किसिमका आकृति तथा संरचना, गुफाको लम्बाई, चौडाइ मापन गरेको थियो । गुफाभित्र र बाहिरको सम्बन्धित विषयमा भौगर्भिक अध्ययन सकिएसँगै प्राप्त भएको प्रतिवेदनबाट प्राप्त सुझावलाई नगरपालिकाको तर्फबाट कार्यान्वयनमा लगिने भीरकोटका नगर प्रमुख छायाराम खनालले बताए ।

# बतासको लगानीमा निर्णय भएको छैन् : नगरप्रमुख न्यौपाने

तानहुँ (जस)-व्यासनगरपालिका-५ स्थित मानुङकोट डाँडामा बताससँग सम्बन्धित कम्पनीले लगानी गर्ने विषय चर्चामा आएपनि त्यसबारेमा कुनै निर्णय नभएको नगरपालिकाले जनाएको छ । नगरप्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले यस विषयमा कुनै निर्णय नगरेको जानकारी दिए । नगरपालिकाले निजी साझेदारी अवधारणाअनुरुप विभिन्न किसिमका संस्था तथा व्यक्तिसँग लगानी, विकास र यसका सम्भावना चयन गर्ने गरी काम गर्ने सम्बन्धमा गतवर्ष नै निर्णय भएको तर यही कम्पनीलाई दिने भन्ने निर्णय नभएको उनले बताए ।

नगरपालिकाले छ महिनाभित्र प्रस्ताव पेश गर्न लगानीकर्तालाई आग्रह मात्रै गरेको हो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७८/०८/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी सिल्क वे एड्भेञ्चर नेपाल टुर्स एण्ड ट्राभल्स प्रा.लि (प्रा.लि. नं ६०५०१) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिनुपर्ने कर दायित्व/अन्य दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/०९/१६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरि सिल्कवे होलिडेज प्रा.लि. कायम गरिएको जानकारी गराईन्छ ।

**सिल्कवे होलिडेज प्रा.लि.**
**ललितपुर उप म.न.पा-४ ललितपुर बाग्मती**

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
**गोदावरी-३, ललितपुरको**

**१५ दिने सार्वजनिक सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०९/२७ यस केन्द्रलाई ख्मचतभह (रुखको उचाई, दुरी आदि नापजाँच गर्ने यन्त्र) थान ३ गोप्य शिलवन्दी दरभाउ पत्र मार्फत खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले बढीमा १५ (पन्ध्र) दिनको दिउसो १२:०० बजे भित्र योग्यता पुगेका आपूर्तिकर्ता /फर्महरुले यस केन्द्रबाट खरिद गरि १६ औ दिनको दिउसो १२:०० बजे भित्र रितपूर्वक शिलवन्दी दरभाउ पत्र यस केन्द्रमा पेश गर्न सूचित गरिन्छ यस सम्बन्धि थप जानकारीका लागि यस केन्द्रमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**निर्देशक**
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
**गोदावरी,ललितपुर**
**सम्पर्क फोन नं. ९८५५०८८३३०/०१-५१७४१८९**

# तनहुँसुर 'इको ट्रेक' का लागि पूर्वाधार निर्माण

दमौली (जस)-तनहुँको व्यास नगरपालिका-११ स्थित तनहुँसुर इको ट्रेकमा सिँढी निर्माण गरिएको छ । पदयात्रा गर्दै तनहुँसुर पुग्ने पदयात्रीको सजिलोका लागि उक्त ट्रेकमा सिँढी निर्माण गरिएको हो । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् सिँढी निर्माणको काम थालिएको वडाध्यक्ष नीरबहादुर खड्काले जानकारी दिए । वडाका बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी दिने उद्देश्यसहित दश जनाले यो कामका लागि रोजगारी पाएका छन् । "सात महिला र तीन पुरुषले सिँढी निर्माणमा रोजगारी पाएका छन्", उनले भने । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् सिँढी निर्माणका लागि यो वर्ष रु पाँच लाख बजेट विनियोजन गरिएको थियो । उक्त बजेटबाट ३२० मिटर सिँढी निर्माण गरिनेछ । गत वर्ष रु ६ लाख बजेटमा तीन सय मिटर सिँढी निर्माण भइसकेको छ । जैविक विविधता संरक्षणसँगै पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यसहित गत वर्षमात्रै तनहुँसुर इको ट्रेकको सम्भाव्यता अध्ययन गरिएको थियो ।

"सिँढी निर्माणसँगै पदयात्रा गर्नेलाई सहज रुपमा तनहुँसुरसम्म पुग्न सजिलो हुन्छ," वडाध्यक्ष खड्काले भने । वर्तमान समयमा भौतिक विकासबाट पर्यावरणमा प्रतिकूल असर पर्दै गइरहेको अवस्थालाई मध्यनजर गरी पर्यटनविज्ञ सहितको टोलीले सो मार्गको सम्भाव्यता अध्ययन गरेको थियो । मूलपानीदेखि तनहुँसुरसम्म ६.५ किलोमिटरको उक्त ट्रेक समुन्द्र सतहबाट पाँच सय मिटरको उचाइबाट शुरु हुने र एक हजार दुई सय ५० मिटरको उचाइमा समाप्त हुनेछ । पदयात्राका क्रममा ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरुको अवलोकन, तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढीहरु, धारा, तोप, गद्दी चौतारा, सिढी चौतारी, ढुङ्गेसाँगु, फूलपाती ढुङ्गा, भगवतीपानी मन्दिर, विष्णु र शिव मन्दिर, टुँडिखेल, सिलखान, जारकाटे ढुङ्गा, शहीद पार्क, ऐनापहरा, छाप लगाउने ढुङ्गा अवलोकन गर्न सकिन्छ ।

पृथ्वीराजमार्गमा पर्ने घाँसीकुवादेखि मूलपानीसम्म करिब चार किमि मोटरयात्रा, त्यसपछि चमेरेगुफा-भगवतीपानी मन्दिर-तनहुँसुर देवस्थल सामुदायिक घरबास हुँदै तनहुँसुर गढीसम्म पदयात्रा गर्न सकिनेछ । ट्रेक स्थापनाका लागि विगत केही वर्षदेखि नै तनहुँसुरवासीलाई वन संरक्षण, वृक्षरोपण, स्थानीय उत्पादनलाई प्राथमिकता दिन, अर्गानिक खाना र सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धन लगायतका विषयमा प्रशिक्षण दिइँदै आएको थियो । धेरै लामो र उकालो नभई तेर्सो, साधारण उकालो र धेरै घाम र ओसिलो पनि नभएकाले यो पदयात्रा अति नै सजिलो रहेको पर्यटनविज्ञ हरिसिंह गुरुङले बताए । "हरियाली वातावरण, ठाउँठाउँमा पानीको स्रोत, सांस्कृतिक गतिविधि अवलोकन, धार्मिक स्थलहरु, पुरातात्विक सम्पदा पनि समेटिएकाले यो बाटो उत्कृष्ट हुनेछ," उनले भने ।

उक्त मार्गमा पर्ने चमेरो गुफा एवं गुप्तेश्वर महादेव, भगवतीपानी लगायतका धार्मिक सम्पदाहरुलाई प्रकृतिसँग जोड्ने वनस्पति, हावापानी वन्यजन्तु र चराचुरुङ्गी लगायतका विविधतालाई संरक्षण गर्दै स्थानीयको आयसोमबार्रनमा टेवा पुऱ्याउनु यस इको ट्रेकको प्रमुख उद्देश्य रहेको बताइएको छ । पछिल्लो समय तनहुँसुर पर्यटकीय गन्तव्यको रुपमा विकास भइरहेको छ । ऐतिहासिक तनहुँसुर भ्रमणका लागि आन्तरिक पर्यटकको चहलपहल बढेको छ । पदयात्रा गरेर पुग्नेहरुलाई तनहुँसुरमा दुई वटा घरबासको सुविधा छ । तनहुँसुरमा सर्वसाधारणको आगमन हुन थालेपछि यहाँका स्थानीयवासी घरबास सञ्चालनमा कस्सिएका छन् । तनहुँसुर सामुदायिक घरबास र तनहुँसुर देवस्थल सामुदायिक घरबास सञ्चालन गरेर स्थानीय पाहुनाको स्वागतका लागि आतुर छन् ।

तनहुँसुर भ्रमण गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकलाई खाना तथा आवासको सहज व्यवस्थापन गर्ने उद्देश्यले भोरथोक र चण्दनीथोकका बासिन्दा मिलेर तनहुँसुर सामुदायिक घरबास सञ्चालित छ । कूल ४४ घरधुरीमध्ये ८ घरधुरीमा घरबास सञ्चालन गरिएको अध्यक्ष केबी थापाले जानकारी दिए ।

**सानीभेरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिम्ली, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०७८।०९।२७)

प्रस्तुत विषयमा यस कार्यालयद्वारा मिति २०७८/०८/०१ गते बुधबार, प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक कार्यालयको (e–GP System) मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नम्बर र नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT र पि.एस.सहित) |
|---|---|---|---|
| 1 | 02/WORKS/NCB/SRM/078/079, Upgrading Of Githakotjyaula Ghartigau Purtimkanda Basandanda Chainabagar Agriculture Road Sanibheri- 2, Rukum (West) | Parbichhya Nirman Sewa and Suppliers Sanibheri 09 Rukum (West) | NRS. 51,01,354.54 |
| 2 | 03/WORKS/NCB/SRM/078/079, Upgrading Of Sarpachaur, Chakhlemela, Ramri, Badhapani, Maurakhara, Tura, Touristy Road Sanibheri-4 Rukum (West) | Sabin Construction, Bheri-02 Jajarkot | NRS. 41,86,418.89 |
| 3 | 04/WORKS/NCB/SRM/078/079, Beltapu, Bhalachur, Timile, Kamaide, Nagna, Maurakhara, Touristy Road Sanibheri-3 Rukum (West) | Oli Nirman Sewa and Suppliers Khalanga- 02 Jajarkot | NRS. 31,68,635.16 |

**भूपाल सिं विष्ट**
**(प्रमुख प्रशासकीय अधिकृत)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०७८।०९।२७)

प्रस्तुत विषयमा यस कार्यालय द्वारा मिति २०७८/०८/०१ गते बुधबार, प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक कार्यालयको (e-GP System) मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भूपाल सिं विष्ट

(प्रमुख प्रशासकीय अधिकृत)

तपशिल

| सि.नं. | ठेक्का नम्बर र नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT र पि.एस.सहित) |
|---|---|---|---|
| 1 | 02/WORKS/NCB/SRM/078/079, Upgrading Of Githakotjyaula Ghartigau Purtimkanda Basandanda Chainabagar Agriculture Road Sanibheri- 2, Rukum (West) | Parbichhya Nirman Sewa and Suppliers Sanibheri 09 Rukum (West) | NRS. 51,01,354.54 |
| 2 | 03/WORKS/NCB/SRM/078/079, Upgrading Of Sarpachaur, Chakhlemela, Ramri, Badhapani, Maurakhara, Tura, Touristy Road Sanibheri-4 Rukum (West) | Sabin Construction, Bheri-02 Jajarkot | NRS. 41,86,418.89 |
| 3 | 04/WORKS/NCB/SRM/078/079, Beltapu, Bhalachur, Timile, Kamaide, Nagna, Maurakhara, Touristy Road Sanibheri-3 Rukum (West) | Oli Nirman Sewa and Suppliers Khalanga- 02 Jajarkot | NRS. 31,68,635.16 |